मूल्य रु ।-

(फिर्ता नहुने)
**बोलपत्र फारम नम्वर :**

# नेपाल खाद्य संस्थान

## आर्थिक बर्ष २०७६।०७७ को लागी स्थलमार्गबाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी बोलपत्र

**बोलपत्रदाता फर्म, संस्था वा कम्पनीको नाम र ठेगाना :..........................................**

**ढुवानी गर्ने सेक्टर :........................देखी**

**...................................सम्म**

**श्री नेपाल खाद्य संस्थान**

**................ कार्यालय,**

........................ ।

**विषय : खाद्यवस्तु ढुवानी सम्वन्धी शिलवन्दी गोप्य बोलपत्र ।**

**महोदय,**

आर्थिक बर्ष २०७६।७७ को लागि स्थलमार्गबाट राज्यव्यापी खाद्यवस्तुको ढुवानी सम्वन्धी त्यस संस्थानले मिति २०७६।०३।१० गतेको गोरखापत्र, कार्यालयको सूचना पाटी, विद्युतीय माध्यमको वेव साईट www.bolpatra.gov.np/egp र संस्थानको वेबसाईट www.nfc.com.np मा प्रकाशित गरेको सूचना अनुसार म/हामीले ........................... देखि ......................... सम्म खाद्यवस्तु ढुवानी गर्न इच्छुक भएको हुंदा संस्थानले तयार गरेको यो बोलपत्र फाराम भरी ढुवानी सम्वन्धी फर्म रजिष्ट्रेशन वा व्यवसाय इजाजत पत्र, भ्याट दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN), कर क्लीयरेन्स पत्रको प्रतिलिपि, नागरिकताको फोटोकोपी र घोषणा पत्र यसै साथ संलग्न गरी यो शिलवन्दी गोप्य बोलपत्र फाराम भरी पेश गरेको छु/छौं । धरौटी वापत रु........................ अक्षरेपी रु...................................................................... को मिति ......................को सक्कलै बैंक भौचर / नगदी भरपाई / बैंक ग्यारेन्टी पनि यसै साथ पेश गरेको छु / छौं ।

**बिबरण**

| सेक्टर | | भ्याट सहित प्रति क्वीण्टल ढुवानी भाडा ने.रु. (अंक तथा अक्षरमा पनि उल्लेख गर्ने) | ढुवानीको साधन |
|---|---|---|---|
| देखि | सम्म | | |
| | | | |

मैले / हामीले बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु (निर्देशिका), बोलपत्र प्रकाशित सूचना, सम्झौताको नमूना राम्ररी अध्ययन गरें / गर्‍यौ र सो कागजातमा उल्लेखित सबै शर्तहरु म/हामीलाई स्वीकार्य छ । उक्त शर्तनामा अनुसार हुने गरी मेरो / हाम्रा बोलपत्र स्वीकृत भएमा तोकिएको समय भित्र तोकिए अनुसारको कागजात / धितो / धरौटी रकम, बैंक जमानत समेत पेश गरी सम्झौता गरी ढुवानी कार्य गर्ने छु / छौं । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा मेरो / हाम्रो धरौटी रकम जफत गरेमा मेरो / हाम्रो मन्जूरी छ ।

बोलपत्रदाताको दस्तखत :-

मिति :

बोलपत्रदाता फर्म, संस्था वा कम्पनीको नाम :

प्रोप्राइटरको नाम :

ठेगाना :

पत्राचार गर्ने ठेगाना :

फोन नं. :

फ्याक्स नं. :

बोलपत्र फाराम प्रमाणित गर्नेको दस्तखत :

# बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु (निर्देशिका)

१. बोलपत्रदाताले खाद्यबस्तु ढुवानी सम्बन्धि सूचनामा तोकिए अनुसारको मिति भित्र नियमानुसार बोलपत्र भरी सहिछाप गरी सूचनामा तोकिए अनुसारको समय भित्र तोकिएको कार्यालयमा बुझाउनु पर्ने वा बिद्युतीय माध्यमवाट पठाउनु पर्ने छ ।

२. विद्युतीय माध्यम www.bolpatra.gov.np/egp वाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले माथि निर्धारित समय भित्र छापिएका बोलपत्र कागजातहरुको Hardcopy खरीद गरी वा बोलपत्र कागजात Download गरी निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजातसाथ बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालयको खातामा बोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय बोलपत्र साथ पेश गर्नु पर्नेछ । यसरी बोलपत्र पेश गर्नेले बोलपत्र खोल्न निर्धारित मिति देखि ७ दिन भित्र सक्कलै Hardcopy कागजात सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

३. एउटै बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सेक्टरहरुमा खाद्यबस्तु ढुवानीको लागि बोलपत्र दिन सक्नेछ । तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी, बैंक जमानत राख्नु पर्नेछ । एक भन्दा बढी सेक्टरमा E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका छुट्टा छुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा Submit गर्नु पर्ने छ ।

४. ढुवानी गर्न तोकिएको सेक्टरमा संस्थानको खाद्यवस्तु चलान गर्ने सम्वन्धित कार्यालयले तोकेको गोदामवाट खाद्यवस्तु बुझि लिई संस्थानको खाद्यवस्तु बुझिलिने कार्यालयले तोकेको गोदाम सम्म ढुवानी गरी बुझाउनु पर्ने छ ।

५. बोलपत्रदाताले VAT सहित ढुवानीको दर नेपाली रुपैंयामा प्रति क्वीण्टल अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइने छ ।

६. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रिकामा प्रकाशित सूचनाको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थानको सम्बन्धित कार्यालयमा सम्पर्क राखी नगद धरौटी ५% (पांच प्रतिशत)/कार्यसम्पादन बैंक जमानी (Performance Bond) तथा ढुवानी गर्न बुझिलिने खाद्यान्नको लागि चाहिने जमानत समेत दिई गर्नुपर्ने सम्झौता गरी खाद्यवस्तु ढुवानीको कार्य शुरु गर्नु पर्नेछ । त्यसरी राखिने जमानत संस्थानको सम्बन्धित कार्यालयको नाममा जारी भएको सम्झौता अवधि भन्दा ६ महिना बढी अबधि भएको **"क"** बर्गको बाणिज्य बैंकबाट जारी भएको हुनु पर्ने छ । स्वीकृत बोलपत्रदाताले सम्झौता नगरेमा वा सम्झौता गरी सम्झौता बमोजिम ढुवानी कार्य नगरी सम्झौता उल्लङ्घन गरेमा सम्झौता तोडी संस्थानले भूक्तानी मागेमा जुनसुकै बेला निशर्त भूक्तानी दिने गरी संस्थानको नाममा जारी भएको बैंङ्क ग्यारेण्टी कार्य सम्पादन जमानत (Performance bond) पेश गर्नु पर्ने छ ।

७. पेश गरेका बोलपत्र स्वीकृत भइसकेपछि, संस्थानले तोकेको तथा चाहिने थप नगद धरौटी र जमानत सहित सम्झौता गर्नु पर्नेछ । जुनसुकै कारणले म्याद भित्र सम्झौता नगरेमा बोलपत्र साथ पेश गरेको धरौटी, बैंक जमानत संस्थानले जफत गर्नेछ ।

८. सम्झौता भएको मिति देखि २०७७ आषाढ मसान्त भित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले पटक पटक वा एकमुष्ट गरी जुन जुन समयभित्र जति जति परिमाण ढुवानी गर्नु पर्दछ भनी तोकी दिन्छ सोही सोही समय भित्र तोकिएको परिमाण खाद्यवस्तु ढुवानी गर्नु पर्ने छ । तोकिएको परिमाण तोकिएको अबधि भित्र ढुवानी नगरेमा सो परिमाण स्वीकृत दरमा नियमानुसार जो कोहीबाट ढुवानी गराउन सकिने छ ।

९. ढुवानीको लागि संस्थानबाट नमूना सहित नाप तौल गरेर खाद्यवस्तु बुझिलिनु पर्नेछ । भेडा, पाठा, खच्चड, भरीया आदिबाट खाद्यान्न ढुवानी हुने सेक्टर/स्थानमा संस्थानबाट बुझिलिएको खाद्यान्न कस्ति भएको बोरा ढुवानीको सिलसिलामा भारी मिलाउनका लागि आवश्यक परे बोरा फुटाई अन्य बोरामा कस्ति गरी ढुवानी गराउन सकिनेछ । यसरी बुझिलिएको खाद्यवस्तु जुन स्थानमा बुझाउन पर्ने हो सो स्थानमा नमूना बमोजिमको खाद्यवस्तु नाप तौल गरेर बुझाउनु पर्नेछ । ढुवानीको लागि बुझि लिएको खाद्यवस्तु पुऱ्याउनु पर्ने स्थानमा पुऱ्याई नबुझाए सम्म कुनै पनि कारणवाट घटी, नोक्सानी, गुणस्तरमा ह्रास आदि भएमा त्यसको पूर्ण जवाफदेही ढुवानीकर्ता हुनेछ ।

१०. ढुवानी विवरणमा उल्लेख गरेको दर २०७७ आषाढ मसान्तसम्म कायम रहनेछ । सो म्याद भित्र कुनै पनि कारणवाट ढुवानी दर बढाई पाउं भनी अन्य कुनै किसिमको बाधा, अड्चन, खर खिचोलो गर्न पाइने छैन ।

११. ढुवानीको लागि कुनै किसिमको पेश्की रकम माग गर्न पाइने छैन ।

१२. ढुवानीको सन्दर्भमा प्रचलित कानून, नियम अनुसार लाग्ने मूल्य अभिवृद्धि कर तथा अन्य सबै किसिमको महशुल, कर आदि दस्तुर समेत ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ ।

१३. चलान गर्ने कार्यालयमा लोडिङ्ग तथा तौलाई खर्च र प्राप्त गर्ने कार्यालयमा अनलोडिङ्ग, तौलाई, चौकाई आदि खर्च ढुवानीकर्ता आफैले व्यहोर्नु पर्नेछ । ( संस्थानको वेइङ्ग वृजमा तौल भएकोमा ढुवानीकर्ताले तौलाई खर्च व्यहोर्नु पर्ने छैन ) ।

१४. खाद्यवस्तु ढुवानी वापतको ढुवानी भाडाको भुक्तानी सम्वन्धमा प्राप्त गर्ने कार्यालयले दिएको खाद्यवस्तुको भरपाई प्राप्त गर्ने कार्यालयको प्रमुख र स्टोर किपरवाट प्रमाणित भएको रितपूर्वकको खाद्यान्न माल प्राप्ती रसिद र खाद्यान्न चलानी सहितको कागजात चलान गर्ने कार्यालयमा बुझाएपछि चलान गर्ने कार्यालयवाट ढुवानी भाडा भुक्तानी हुने र यसरी भुक्तानी गर्दा १३% मूल्य अभिवृद्धि कर र अग्रिम आयकर कट्टी गरी बांकी रकमको ९५% (पन्चानब्वे प्रतिशत) का दरले हुने रकम मात्र भुक्तानी दिई ५% रकम सोही कार्यालयमा रिटेन्सन मनी वापत रहनेछ । सो रिटेन्सन मनी वापत रहेको रकम सम्झौता बमोजिम कार्य सम्पन्न भई लिनु दिनु पर्ने हिसाव फछ्र्यौट भएपछि मात्र भुक्तानी हुनेछ । मूल्य अभिवृद्धि कर वापत कट्टी भएको रकमको ५०% रकम निजको नामबाट सम्वन्धित राजश्व शिर्षकमा कार्यालयबाटै जम्मा गरी बांकी रहने मूल्य अभिवृद्धि कर वापतको रकम नियमानुसार भुक्तानी गरिने छ ।

१५. ढुवानी गर्न खाद्यवस्तु जिम्मा लिएपछि ढुवानी कार्य गर्दा पहाडी क्षेत्रमा भरिया वा खच्चरवाट ढुवानी हुनेमा एक क्वीण्टलमा १ के.जी. र भेडा पाठावाट ढुवानी हुनेमा एक क्विण्टलमा डेढ के.जी. र ट्रक वा ट्याक्टरवाट ढुवानी हुने सेक्टरहरुमा प्रति क्विण्टल ५०० ग्रामसम्म घटी भएमा सो घटी भएको परिमाणको प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकम ढुवानीकर्ताले संस्थानमा बुझाउनु पर्नेछ । उल्लेखित परिमाण वाहेक कुनै पनि कारणवाट बढी परिमाण घटी वा नपुग भएमा सो नपुग सम्पूर्ण परिमाणको लागि प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकममा क्षतिपूर्ति वापत मुगु, हुम्ला, डोल्पा, सोलुखुम्बु, र बाजुरा जिल्लाहरुको हकमा १००% ( एकसय प्रतिशत ) र बांकी जिल्लाहरुको हकमा ५०% (पचास प्रतिशत) थप गरी हुने रकम बुझाउनु पर्ने छ ।

१६. ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु निश्चित समयभित्र पुऱ्याउनु पर्ने स्थानमा पुऱ्याउनु पर्ने छ । खाद्यवस्तु बुझिलिए पछि सम्वन्धित कार्यालयमा बुझाउने बाटोको म्यादभित्र नबुझाई म्याद नघाई बुझाएमा म्याद नाघी बुझाएको खाद्यवस्तुको वाटो म्याद नाघेको मितिले १५ (पन्ध्र) दिनसम्म प्रति क्विण्टल प्रति दिन रु. ३-। (तीन रुपैया) का दरले र १५ (पन्ध्र) दिनपछि शुरुको म्याद ( वाटोको म्याद ) नाघेको मितिले ३० (तीस) दिनसम्म प्रति क्वीन्टल प्रति दिन रु. ५।- (पांच रुपैया) का दरले त्यसपछि सुरुको म्याद नाघेको मिति देखि प्रति क्वीन्टल प्रति दिन रु. ६।- (छ रुपैया) का दरले हर्जाना समेत बुझाउनु पर्नेछ ।

१७. खाद्यवस्तु बुझाउन तोकिएको म्याद सकिएको मितिले ट्रक चल्ने सेक्टरमा १ (एक) हप्ता र ट्रक नचल्ने भरिया, खच्चर, भेंडा पाठा आदिबाट ढुवानी हुने सेक्टरमा ३० (तीस) दिनसम्ममा पनि बुझेको खाद्यान्न नबुझाएमा खाद्यवस्तु हिनामिना गरेको वा सन्तोषजनक काम नगरेको आरोपमा जिल्ला प्रशासन कार्यालय मार्फत समेत ढुवानीकर्ता माथि कारवाही चलाउन सकिनेछ ।

१८. ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु मध्ये बुझाउनु पर्ने कार्यालयमा के कति बुझाइयो, के कति कहां कुन अवस्थामा बांकी छ भन्ने कुराको जानकारी संस्थानको सम्वन्धित कार्यालयले मांग गरेको बखत पेश गर्नु पर्नेछ।

१९. सम्झौतामा उल्लेख भएको ठाउं देखि वाहेक नजिक वा टाढा रहेको अन्य स्थानवाट खाद्यवस्तु बुझिलिई ढुवानी गरी लैजान वा पुऱ्याउन पर्ने भएमा पनि दूरीको आधारमा घटी वा बढी जे हुन आउंछ सोही अनुसारको ढुवानी भाडा भुक्तानी गरिनेछ ।

२०. ढुवानी कार्यका लागि सम्झौता गरिसकेपछि कुनै एक अवधिभित्र ढुवानी गर्न पर्ने भनी कार्यालयले तोकिदिएको परिमाण खाद्यान्न तोकिएकै अवधिभित्र ढुवानी गरी पुऱ्याउन नसकेमा वा सम्झौतामा ढुवानी गर्नु पर्ने भनी किटान भएको परिमाण ढुवानी गर्न नसकेमा वा संस्थानको आवश्यकता अनुसार ढुवानीको पर्याप्त साधन उपलब्ध गराउन नसकी वा अन्य कुनै कारणवाट तोकिएको समयभित्र तोकिएको परिमाण खाद्यवस्तु ढुवानी गरी निर्दिष्ट स्थानमा बुझाउन नसकेमा वा ढुवानी कार्यमा आलटाल गरी सन्तोषजनक रुपले ढुवानी नगरेमा वा आंशिक रुपमा मात्र ढुवानी गरेमा वा ढुवानी कार्य नै नगरेमा संस्थानमा राखेको धरौटी रकम तथा संस्थानमा निजको नाममा रहेको रिटेन्सनमनी समेत जफत गरी संस्थानले सम्झौता रद्द गरी अन्य बैकल्पिक व्यवस्थाबाट सम्झौतामा उल्लेख भएको खाद्यबस्तु ढुवानी गराउन सकिनेछ ।

२१. ढुवानीकर्ताको जिम्मामा संस्थानको खाद्यवस्तु तथा नगद वा जिन्सी सामान बांकी रहन गएमा सो खाद्यवस्तु, नगद वा जिन्सी सामान तोकिएको समयभित्र तोकिएको स्थानमा बुझाउनु पर्नेछ । यदि त्यस्तो बांकी रहन गएको खाद्यवस्तु, नगद वा जिन्सी सामान तोकिएको म्यादभित्र बुझाउन नसकेमा वा नबुझाएमा खाद्यान्नको हकमा प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकममा

हर्जाना वापत सो रकमको मुगु, हुम्ला, डोल्पा, सोलुखुम्वु, र बाजुरा जिल्लाको हकमा १००% (एकसय प्रतिशत) र बांकी जिल्लाहरुको हकमा ५०% (पचास प्रतिशत) थप गरी हुने रकम र अन्य नगद वा जिन्सी सामानको हकमा सम्वन्धित कार्यालयले तोके बमोजिमको रकम बुझ्फाउनु पर्नेछ नबुझ्फाएमा ढुवानीकर्ताको संस्थानसंग रहेको ढुवानी भाडा वापतको पाउंन बांकी रकम भए सो वाट र सो बाट नपुग भएमा संस्थानमा राखेको जमानतबाट कानून बमोजिम संस्थानले असूल उपर गरी लिन सक्नेछ । यसमा पछि कुनै किसिमको खर खिचौला गर्न पाइने छैन ।

२२. दफा १० मा जुनसुकै कुरा उल्लेख भएतापनि ट्रक, ट्याक्टरवाट ढुवानी हुने सेक्टरमा डिजेलको मूल्यमा नेपालमा १५% (पन्ध्र प्रतिशत) सम्म घटबढ भएमा निर्धारित ढुवानी दरमा कुनै हेरफेर हुने छैन । १५% (पन्ध्र) प्रतिशत भन्दा बढी वा घटी भएमा ढुवानी दर घटबढ गर्ने नगर्ने सम्वन्धमा संस्थानको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. ढुवानी भएको खाद्यवस्तुको ढुवानी भाडा, खाद्यवस्तुको खूद तौल ( Net Weight) को आधारमा भुक्तानी हुनेछ ।

२४. भरिया, खच्चर आदिवाट ढुवानी हुने सेक्टरहरुमा पछि यातायात सुगम हुन गई ट्रक ट्याक्टर, जीप आदि साधनवाट ढुवानी हुन सक्ने स्थिति हुन गएमा ढुवानी भाडा दर परिवर्तन गर्न सकिने छ ।

२५. सम्झौताको अवधि सम्झौता भएको मिति देखि २०७७ साल आषाढ मसान्त सम्म कायम रहने छ । धेरै जसो स्थानहरुमा खाद्यवस्तु ढुवानी वर्षा अगावै भई सक्नु पर्ने, कतै कतै ढुवानीको साधन उपलब्ध हुन कठिन पर्ने वा हिमपात वा अन्य कुनै पनि कारणवाट बाटो बन्द हुन सक्ने र कतै कतै मात्र बर्षायाममा ढुवानी हुने हुंदा सम्झौताको अवधि भित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले जुन समयभित्र जति परिमाण खाद्यवस्तु ढुवानी हुनु पर्दछ भनी तोकी दिन्छ सोही समयभित्र तोकिएको परिमाण खाद्यवस्तु ढुवानी गर्नु पर्नेछ । ढुवानी गर्न भनी तोकिएको परिमाण बाहेक संस्थानको आवश्यकता अनुसार पछि थप ढुवानी गर्नु परेमा सो समेत सम्झौतामा उल्लेख भएको दर र शर्त अनुसार नै ढुवानी गर्नु पर्नेछ ।

२६. बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेखित शर्तहरु बाहेक अन्य कुनै पनि शर्त उल्लेख गर्न पाइने छैन । यदि कुनै शर्तहरु थपघट गरी बोलपत्र पेश गरेमा त्यस्तो शर्तहरुको मान्यता हुने छैन ।

२७. ढुवानीको लागि ढुवानीकर्ताले जिम्मा लिने खाद्यवस्तुको लागि संस्थानको सम्बन्धित कार्यालयले तोके बमोजिमको धरौटी वापत राख्नुपर्ने जमानत, वा नगदै वा आवश्यक पर्ने रकमको लागि ढुवानीको सम्झौताको म्याद सकिने मितिले कम्तिमा ६ (छ) महिना वढी अवधि बोलपत्रमा कायम रहेको बैंक जमानी पत्र दफा ६ बमोजिम राख्नु पर्नेछ ।

२८. बोलपत्रदाताले ढुवानी कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्ताबित ढुवानी कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित घोषणा पत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

२९. बोलपत्रको मान्य हुने अवधि ९० दिन हुनेछ । बोलपत्र खोलि सकेपछि कुनै पनि बोलपत्रदाताले आफूले कबोल गरेको अंक फेर बदल गर्न दिएको निबेदन मान्य हुने छैन ।

३०. संस्थानले बोलपत्र सम्बन्धी कारवाही गर्दा गरेको त्रुटी वा निर्णय बिरुद्ध पुनराबलोकनका लागि बोलपत्रदाताले निवेदन दिन सक्नेछ ।

३१. स्वार्थ बाझिने (Conflict of Interest) भएमा बोलपत्र उपर कारवाहि हुने छैन जालसाजी वा भ्रष्टाचार गरेमा प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।

३२. ढुवानी कार्य सम्बन्धी शर्तहरुको बिस्तृत बिबरण फाराम तथा बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरुमा उल्लेख गरिएको छ । बोलपत्र फाराम राम्ररी अध्ययन गरी पहिलो पाना तथा अन्तिम पानामा नाम थर ठेगाना स्पष्ट बुझिने गरी दस्तखत गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा नेपाली भाषामा लेखिएको हुनु पर्नेछ ।

३३. बोलपत्र स्वीकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिनभित्र संस्थानको सम्वन्धित कार्यालयमा सम्पर्क राखी धरौटी स्वरुप थप नगद वा बैंक जमानीको अतिरिक्त आफूले बुझिलिने खाद्यबस्तुको लागि कार्यालयले तोके अनुसारको बैंक जमानी पत्र राख्नु पर्नेछ ।

३४. रीत नपुगेको, धरौटी संलग्न नभएको वा म्याद नाघी प्राप्त हुन आएको कुनै पनि बोलपत्रलाई मान्यता दिइने छैन।

३५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थानमा सुरक्षित रहने छ ।

३६. प्राप्त हुन आएका बोलपत्रहरु सार्बजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र संस्थानको बिनियमावली अनुसार मूल्याकंन गरिनेछ ।

३७. बोलपत्र स्वीकृत भई कार्य सम्पादन गर्न गरिने सम्झौता यसै साथ संलग्न सम्झौताको नमूना अनुसार हुने छ ।

३८. माथि उल्लेख गरेको बाहेक अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

३९. बोलपत्रसाथ निम्न अनुसारको कागजात अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) तोकिए अनुसारको धरौटी रकम बुझाएको बैंक भौचर / नगदी रसिद/ नगद/ बाणिज्य बैंकले जारी गरेको कम्तिमा ६ महिना म्याद भएको बैंक जमानी पत्र ।
(ख) फर्म रजिष्टरको वा व्यवसाय इजाजत पत्र प्रमाण पत्रको प्रतिलिपि ।
(ग) स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपि ।
(घ) मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(ङ) कर क्लियरेन्स पत्रको प्रतिलिपि ।
(च) घोषणा पत्र ।

४०. संस्थानले ढुवानीको लागि निर्धारण गरेको ढुवानी सेक्टरको परिमाणलाई बोलपत्रदाताले कवुल गरेको ढुवानी भाडाले गुणन गर्दा रु ६०,००,०००।- (साठी लाख मात्र ) भन्दा बढी ढुवानी भाडा खर्च लाग्ने सेक्टरको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताले यस भन्दा अगाडी सन्तोषजनक रुपमा ढुवानी कार्य गरेको अनुभव र पर्याप्त रुपमा ढुवानी साधन भएको आधार पेश गर्नु पर्ने छ ।

४१. बोलपत्र पेश गरी स्वीकृत भए पश्चात सम्झौता नगर्ने सम्झौता गरी कुनै पनि परिमाण ढुवानी नगर्ने वा आंशिक परिमाण मात्र ढुवानी गर्ने बोलपत्रदातालाई दफा ७ र २० अनुसार कारवाही गरी कालो सूचिमा राख्ने तर्फ कारवाही चलाइने छ ।

# नेपाल खाद्य संस्थान

## ढुवानी गर्ने सेक्टर

................ देखि ..................... सम्म

**स्थलमार्गको खाद्यान्न ढुवानी सम्झौता पत्र (नमुना)**

**२०७६/२०७७**

# खाद्यवस्तु ढुवानी सम्झौता – पत्र

नेपाल खाद्य संस्थान ………….. कार्यालय …………. (जसलाई यसपछि संस्थान भनिने छ) र ……………………………………. बस्ने बर्ष …… को ……………………………………………. (जसलाई यसपछि ढुवानीकर्ता भनिने छ) का वीच आर्थिक बर्ष २०७६/०७७ को लागि खाद्यवस्तु ढुवानी गर्न देहायका शर्तहरुका अधिनमा रही संस्थानको खाद्यवस्तु ढुवानी गर्न गराउन दुवै पक्षको मञ्जुरी भई प्रचलित कानून अन्तर्गत यो सम्झौताको दुई प्रतिमा हस्ताक्षर गरी एक / एक प्रति लियौं / दियौं । खाद्यवस्तु भन्नाले चामल, गहुं, मकै, चिनी, पिठो, दलहन, तेल, तोरी तथा संस्थानको कारोवारको सिलसिलामा प्रयोग हुने जुनसुकै मालसामानलाई जनाउंछ ।

१. खाद्यवस्तु ढुवानी कार्यको लागि आवश्यक पर्ने तोकिएको परिमाणको. ढुवानी भाडादरले हुने कूल रकमको ५% ले हुने रकम नगद /बैंङ्क भौचर/बैंङ्क ग्यारेण्टीको रकम रु………………….अक्षरेपी ……………………………….तथा थप धरौटी वापतको नगद / बैंङ्क भौचर/२०७७ पौष मसान्त सम्म अबधि रहेको “क“ बर्गको बाणिज्य बैंङ्कबाट संस्थानको नाममा जारि भएको रु……………………………………को बैंङ्क ग्यारेण्टी (Performance Bond) समेत गरि जम्मा रु…………………………………………………………….धरौटी वापत रहने छ ।

२. ढुवानीकर्ताले देहाय बमोजिमको सेक्टरमा संस्थानले तोकेको अवधि भित्र तोकिएको परिमाण खाद्यवस्तु ढुवानी गर्नेछ । यसरी ढुवानी गरे वापत ढुवानीकर्तालाई संस्थानले देहाय बमोजिमको दरले खाद्यवस्तु ढुवानी गरेको ढुवानी भाडा दिनेछ ।

| खाद्यवस्तु ढुवानी गर्ने सेक्टर | | ढुवानीको साधन | ढुवानी गर्नुपर्ने खाद्यवस्तुको मोटामोटी परिमाण क्वीन्टलमा | प्रति क्विण्टल खाद्यवस्तुको VAT सहितको ढुवानी भाडा दर (अंक तथा अक्षरमा) | खाद्यवस्तु ढुवानी गर्न लाग्ने दिन (बाटोको म्याद) |
|---|---|---|---|---|---|
| देखि | सम्म | | | | |
| | | | | | |

३. दफा (२) मा ढुवानी गर्नुपर्ने भनी उल्लेखित मोटामोटी परिमाणमा घटी वा बढी भएमा पनि ढुवानीकर्ताले सोही अनुसार ढुवानी गर्नु पर्नेछ ।

४. भरिया, खच्चर, पाठा आदिवाट बोकानी गरी ढुवानी हुने सेक्टरहरुमा पछि यातायात सुगम हुन गई ट्रक, ट्याक्टर, जीप आदि साधनवाट ढुवानी हुन सक्ने स्थिति हुन गएमा ढुवानी भाडा दर एक आपसको समझदारीमा परिवर्तन गर्न सकिनेछ ।

५. धेरैजसो स्थानहरुमा बर्षात अगावै खाद्यवस्तु ढुवानी भई सक्नु पर्ने, कतै कतै ढुवानी साधन उपलब्ध हुन कठीन पर्ने वा हिमपात वा अन्य कुनै पनि कारणबाट बाटो बन्द हुन सक्ने र कतै कतै मात्र बर्षायाममा ढुवानी हुने हुंदा सम्झौताको अवधिभित्र संस्थानको खाद्यवस्तु चलान गर्ने कार्यालयले तोकेको गोदामवाट पटक पटक वा एकमुष्ट गरी तोकेको परिमाण खाद्यवस्तु ढुवानीकर्ताले ढुवानीको लागि बुझिलिएपछि जुन जुन अवधिभित्र जति जति परिमाण खाद्यवस्तु जुन जुन सेक्टरमा जुन जुन समयमा पुर्‍याउनु पर्दछ भनी तोकिएको हुन्छ, सो सेक्टरमा सोही समयभित्र पुर्‍याउनु पर्ने दायित्व ढुवानीकर्ताको हुनेछ । ढुवानीकर्ताको जिम्मा रहेको खाद्यवस्तु निर्दिष्ट स्थानमा नबुझाएसम्म निजको ढुवानी कार्य सम्वन्धी दायित्व पूरा भएको मानिने छैन । तोकिएको परिमाण तोकिएको अबधि भित्र ढुवानी नगरेमा सो परिमाण स्वीकृत दरमा नियमानुसार जो कोहीवाट ढुवानी गराउन सकिने छ ।

६. ढुवानीकर्ताले ढुवानीका लागि संस्थानवाट खाद्यवस्तु बुझिलिंदा नाप, तौल गरी गराई गुणस्तरयुक्त खाद्यबस्तु बुझि लिनुपर्नेछ । भेंडा, पाठा, खच्चड, भरीया आदि बाट खाद्यान्न ढुवानी हुने सेक्टर/स्थानमा संस्थानबाट बुझिलिएको खाद्यान्न कस्ति भएको बोरा ढुवानीको सिलसिलामा भारी मिलाउनका लागि आवश्यक परे बोरा फुटाई अन्य बोरामा कस्ति गरी ढुवानी गराउंन सकिनेछ । निर्दिष्ट स्थानमा बुझाउंदा पनि नाप तौल गरी, गराई गुणस्तरयुक्त खाद्यवस्तु बुझाउनु पर्नेछ । यसरी पटक पटक वा एकमुष्ट जे जति खाद्यान्न परिमाण बुझाएको छ सोको संस्थानको सम्वन्धित स्टोर किपर तथा कार्यालय प्रमुख दुवैले प्रमाणित गरी दिएको रितपूर्वकको खाद्यान्न माल प्राप्ती रसिद, खाद्यान्न चलानी साथ भाडा भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

७. संस्थानले ढुवानीको लागि ढुवानीकर्तालाई बुझाएको खाद्यवस्तु कुनै पनि कारणवाट हानी नोक्सानी वा नपुग भएमा वा खाद्यवस्तुको गुणस्तरमा ह्रास भएमा सोको सम्पूर्ण जिम्मेवारी ढुवानीकर्ताको हुनेछ । ढुवानीकर्ताले ढुवानी गर्न बुझिलिएको खाद्यवस्तु ढुवानी गर्दा नपुग भएको खाद्यवस्तुको परिमाणको क्षतिपूर्ति वापत ट्रकवाट ढुवानी भएकोमा एक क्विण्टलमा ५०० ग्राम, पहाडी क्षेत्रमा भरिया, खच्चरवाट ढुवानी भएकोमा १ के.जी. र भेडा पाठावाट हुने ढुवानीमा १½ (डेढ) के.जी.सम्म घटी भएमा सो घटी भएको परिमाणको प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यको हिसावले हुने रकम

ढुवानीकर्ताले संस्थानलाई बुझाउनु पर्नेछ । सो बाहेक कुनै पनि कारणवाट बढी परिमाण घटी भएकोमा मुगु, हुम्ला, डोल्पा, सोलुखुम्बु र बाजुरा जिल्लाहरुको हकमा १००% (एकसय प्रतिशत) र बांकी जिल्लाहरुको हकमा ५०%(पचास प्रतिशत) थप गरी हुने रकम संस्थानलाई बुझाउनु पर्नेछ । गुणस्तर ह्रास भएकोमा भने संस्थानको संचालक समितिले तोकेबमोजिमको हर्जाना बापतको रकम संस्थानले ढुवानीकर्तावाट असूल उपर गर्नेछ ।

८. ढुवानीकर्ताले ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु निश्चित समयभित्र सम्बन्धित स्थानमा पुर्‍याई बुझाउनु पर्नेछ । खाद्यवस्तु बुझिलिएपछि ढुवानीकर्ताले सम्वन्धित कार्यालयमा बुझाउनु पर्ने खाद्यान्न वाटोको म्याद भित्र सम्वन्धित कार्यालयमा नबुझाएमा सो म्यादभित्र नबुझाएको खाद्यवस्तुको परिमाणमा म्याद नाघेको मितिले पुर्‍याउनु पर्ने कार्यालय/स्थानमा बुझाउन ल्याएमा १५ (पन्ध्र) दिनसम्म प्रति क्वीन्टल प्रति दिन रु. ३।- (तीन) को दरले १५ (पन्ध्र) दिनपछि शुरुको म्याद (वाटोको म्याद) नाघेको मितिले ३० (तीस) दिनसम्म प्रति क्वीन्टल प्रति दिन रु. ५/- (पांच रुपैया) को दरले त्यसपछि सुरुको म्याद नाघेको मिति देखि प्रति दिन प्रति क्वीन्टल रु. ६/- (छ रुपैया) का दरले हर्जाना रकम वापत ढुवानीकर्ताले संस्थानलाई बुझाउने छ । तर विशेष परिस्थिति उत्पन्न भएमा संस्थानले उपयुक्त बाटो म्याद थप्न सक्ने छ ।

९. खाद्यवस्तु बुझाउन, तोकिएको म्याद सकिएको मितिले ट्रक चल्ने सेक्टरमा १ (एक) हप्ता र ट्रक नचल्ने भरिया, खच्चर, भेंडा पाठावाट ढुवानी हुने सेक्टरमा ३० (तीस) दिनसम्म पनि खाद्यान्न नबुझाएमा खाद्यवस्तु हिनामिना गरेको वा सन्तोषजनक कार्य नगरेको आरोपमा जिल्ला प्रशासन कार्यालय मार्फत समेत ढुवानीकर्ता माथि कारवाही चलाउन सकिने छ ।

१०. खाद्यान्न चलान गर्ने कार्यालयको लोडिङ्ग तथा तौलाई खर्च र प्राप्त गर्ने कार्यालयको अनलोडिङ्ग, तौलाई, चौकाई आदि खर्च ढुवानीकर्ताले व्यहोर्ने छ । (संस्थानको आ□नो वेइङ्ग ब्रिजमा तौल भएकोमा ढुवानीकर्ताले तौलाई खर्च व्यहोर्नु पर्ने छैन) ।

११. ढुवानीको लागि ढुवानीकर्तालाई संस्थानले पेश्की रकम दिने छैन ।

१२. ढुवानीकर्ताले ढुवानीको लागि जिम्मा लिएको खाद्यवस्तु निर्दिष्ट स्थानमा पुर्‍याएपछि शिघ्र अनलोड गराउने जिम्मेवारी संस्थानको हुनेछ ।

१३. ढुवानीकर्ताले ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु तोकिएको स्थानमा पुर्‍याई सम्वन्धित कार्यालयलाई बुझाएको तौल र गुणस्तर समेत उल्लेख भएको प्रमाणित कागजात संस्थानको चलान गर्ने कार्यालयमा बुझाएपछि ७ (सात) दिन भित्र संस्थानले ढुवानी भाडा भुक्तानी गर्दा ढुवानी भाडा रकमको १३ % (तेह्र प्रतिशत) मूल्य अभिवृद्धि कर र नियमानुसार अग्रिम आयकर कट्टी गरी बांकी रकमको ९५% (पन्चानब्बे प्रतिशत) का दरले ढुवानी भाडा भुक्तानी दिई ५% (पांच प्रतिशत) सम्वन्धित

कार्यालयमा रिटेन्सन मनी वापत राखिने छ । यसरी रिटेन्सन मनी वापत राखेको रकम सम्झौता बमोजिमको कार्य सम्पन्न भई लिनु दिनु पर्ने हिसाव फछ्र्यौट भएपछि मात्र संस्थानले ढुवानीकर्तालाई भुक्तानी गर्ने  छ । मूल्य अभिवृद्धि कर वापत कट्टी भएको रकमको ५०% (पचास प्रतिशत) रकम निजको नामबाट सम्वन्धित राजश्व शिर्षकमा कार्यालयबाटै जम्मा गरी बांकी रहने मूल्य अभिवृद्धि कर वापतको रकम नियमानुसार भुक्तानी गरिने छ ।

१४. ढुवानीकर्ताले ढुवानीको लागि बुझिलिएको खाद्यवस्तु मध्ये कति परिमाण सम्बन्धित कार्यालयमा बुझाइयो, कति कहां कुन अवस्थामा छ भन्ने कुराको एकीन बिवरण संस्थानको सम्वन्धित कार्यालयले माग गरेको बखत पेश गर्नु पर्नेछ ।

१५. ढुवानीकर्ताले खाद्यवस्तु ढुवानी गर्दा गर्दै सम्झौताको म्यादभित्र भाडा बढाई पाउ भन्ने वा अन्य कुनै किसिमको वाधा अडचन, खर खिचौला गर्न वा राख्न पाउने छैन ।

१६. दफा १५ मा जुनसुकै कुरा उल्लेख भएतापनि ट्रक, ट्याक्टरवाट ढुवानी हुने सेक्टरमा डिजेलको मूल्यमा नेपालमा १५% प्रतिशतसम्म घटबढ भएमा निर्धारित ढुवानी दरमा कुनै हेरफेर हुने छैन ।
१५% प्रतिशत भन्दा बढी फरक परेमा ढुवानी दर घटबढ गर्ने नगर्ने सम्बन्धमा संस्थानको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१७. सम्झौतामा ढुवानी गर्नु पर्ने भनी किटान भएको परिमाण बमोजिमको खाद्यवस्तु ढुवानी नगरी सम्झौता भंग गरेमा, ढुवानीकर्ताले वीचैमा ढुवानी तोडेमा वा कुनै एक अवधिभित्र ढुवानी गर्नुपर्ने भनी तोकिएको परिमाण खाद्यवस्तु तोकिएको अवधि भित्र ढुवानी गरी पुर्‍याउन नसकेमा वा संस्थानको आवश्यकता अनुसार ढुवानीको पर्याप्त साधन उपलब्ध गराउन नसकी वा अन्य कुनै कारणवाट तोकिएको समयभित्र तोकेको परिमाण खाद्यवस्तु ढुवानी गरी निर्दिष्ट स्थानमा बुझाउन नसकेमा वा ढुवानी कार्यमा आलटाल गरी सन्तोषजनकरुपले ढुवानी नगरेमा वा आंशिक रुपमा मात्र ढुवानी गरेमा वा ढुवानी कार्य नै नगरेमा वा यस सम्झौताको दफा दफामा उल्लेखित शर्तहरु ढुवानीकर्ताले पालन गरेको नदेखिएमा संस्थानले कुनै पनि समयमा ढुवानीकर्ताले राखेको धरौटी रकम तथा संस्थानमा निजको नाममा रहेको रिटेन्सनमनि समेत जफत गरी संस्थानले यो सम्झौता रद्द गरी अन्य बैकल्पिक व्यवस्थाबाट सम्झौतामा उल्लेख भएको खाद्यबस्तु ढुवानी गराउन सक्नेछ ।

१८. ढुवानीकर्ताले ढुवानीको लागि बुझिलिएको संस्थानको खाद्यवस्तु मध्ये केही परिमाण बुझाउन बांकी रहन गएमा यसै सम्झौताको दफा (८) बमोजिम हर्जाना सहित खाद्यवस्तु बुझाउन संस्थानले ढुवानीकर्तालाई अवधि तोकी दिन सक्नेछ । सो अवधिभित्र ढुवानीकर्ताले हर्जाना सहित संस्थानमा खाद्यवस्तु बुझाउनु पर्नेछ । संस्थानले तोकिदिएको अवधिभित्र ढुवानीकर्ताले खाद्यवस्तु नबुझाई संस्थानले सो खाद्यवस्तु वापत नगदमा असूल उपर गर्नुपर्ने अवस्था परेमा त्यस्तो खाद्यवस्तु प्राप्त गर्ने कार्यालयको बिक्री मूल्यले हुने रकममा हर्जाना वापत मुगु, हुम्ला,  डोल्पा, सोलुखुम्बु र बाजुरा जिल्लाको हकमा १००% (एकसय प्रतिशत) र बांकी जिल्लाहरुको हकमा ५०% (पचास प्रतिशत) थप गरी हुने रकम संस्थानले असूल उपर

गर्नेछ । यसरी असूल गर्नुपर्ने रकम संस्थानमा ढुवानीकर्ताको ढुवानी भाडा वापतको रकम रिटेन्सन मनी, धरौटी आदि रकम बांकी रहेको अवस्थामा सो रकमवाट र सो वाट नपुग भएको अवस्थामा ढुवानीकर्ताले संस्थानमा राखेको कार्य सम्पादन बैंक जमानी पत्रबाट संस्थानले असूल उपर गरी लिन सक्नेछ । यसमा ढुवानीकर्ताले पछि कुनै किसिमको खर खिचौला वा उजुर गर्न पाउने छैन, गरेमा यसै सम्झौतावाट बदर हुनेछ ।

१९. ढुवानीकर्ताले ढुवानी गर्न आफुले जिम्मा लिने खाद्यवस्तुको लागि रु. ………………. (अक्षरेपी रु. ……………………………………….) को “क” बर्गको बाणिज्य बैंकको कार्य सम्पादन बैंक जमानी पत्रको देहाय बमोजिमको जमानत राखेको छ । संस्थानले सो बमोजिम लिएको छ ।

<u>तपसिल</u>

(क) बैंकको नाम र ठेगाना :

(ख) जमानत रहेको रकम रु.
:अंकमा…………………………अक्षरमा……………………….

(ग) जमानतको म्याद , मिति ………………………. देखि …………………… सम्म

(घ) बैंक जमानी नं. :……………………………………….

(ङ) जमानी पत्र संख्या र मिति :……………………………

२०. संस्थानको डिपो कार्यालय संचालनमा नरहेको स्थानमा ढुवानीको लागि पटक पटक गरी बुझ्ने खाद्यान्नको प्राप्त गर्ने कार्यालयको निर्धारित बिक्री मूल्यले हुने रकम चलान गर्ने वा प्राप्त गर्ने डिपोको जिल्ला स्थित संस्थानको कार्यालयमा ढुवानीकर्ताले अग्रिम रुपमा जम्मा गरी खाद्यान्न जिम्मा लिनु पर्नेछ । तर काठमाडौंबाट चीनको स्वशासित क्षेत्र तिब्बतको बाटो हुँदै ढुवानी हुने डोल्पा जिल्लाको तिन्जे डिपो तथा हुम्ला जिल्लाको शाखा कार्यालय सिमिकोट र यलबाङ विक्री केन्द्रमा ढुवानी भई जाने खाद्यान्न ढुवानीकर्तालाई जिम्मा दिंदा “क” वर्गको वाणिज्य बैंकबाट संस्थानको नाममा जारी भएको कम्तीमा १२० दिन अवधिको बैंक जमानतका आधारमा पनि खाद्यान्न उपलब्ध गराउन सकिने छ । यसरी बैकं जमातको आधारमा डिपो वा बिक्री केन्द्रमा ढुवानी भएको खाद्यान्नको मूल्य रकम उक्त खाद्यान्न बिक्री गरेको मितिले १५ दिन भित्रमा संस्थानमा दाखिला गरी सक्नु पर्नेछ ।

२१. यस सम्झौता बमोजिम लाग्ने सम्पूर्ण महशुल, कर आदि दस्तुर ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ।

२२. ढुवानीको लागि खाद्यान्न बुझि लिने तथा पुर्याउनु पर्ने भनी सम्झौतामा उल्लेख भएको ठाउंदेखि बाहेक नजिक वा टाढावाट ढुवानी गरी लैजान वा पुर्याउनु पर्ने भएमा दूरीको आधारमा घटी वा बढी जे हुन आउंछ सो अनुसारको ढुवानी भाडा ढुवानीकर्ताले पाउने छ। यसरी ढुवानी गरेको खाद्यवस्तुको ढुवानी भाडाको हिसाव गर्दा सम्झौतामा उल्लेखित सेक्टर

र ढुवानी भाडाको आधारमा प्रति किलोमिटर वा प्रति कोषको ढुवानी भाडाको हिसाव गरी हुने दूरीको हुने ढुवानी भाडा मात्र ढुवानीकर्ताले भुक्तानी पाउने छ ।

२३. ढुवानीकर्तालाई ढुवानी भएको खाद्यवस्तुको ढुवानी भाडाको भुक्तानी खाद्यवस्तुको खूद तौल (Net Weight) को आधारमा हुनेछ ।

